**रोजगार प्रबर्द्धन कार्यक्रम**

**बजेट उपशिर्षक नम्बर: ३७१००१०१**

# हेटौंडा उपमहानगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

# सुरक्षित आप्रवासन (सामी) कार्यक्रम

# वार्षिक प्रगति प्रतिवेदन

## आ.ब.२०७९/२०८०


अन्जिता थापा मगर

कार्यक्रम संयोजक (सुरक्षित आप्रवासन सामी कार्यक्रम)


३१ असार २०८०

१.पृष्ठभुमि र सन्दर्भ

नेपालको सन्दर्भमा वैदेशिक रोजगारी जिवीकोपार्जनको एक प्रमुख माध्यमको रुपमा रहेको देखिन्छ। बैदेशिक रोजगारीले नेपालको गरिवी न्यूनिकरणमा महत्वपूर्ण भूमिका खेलेको छ। वैदेशिक रोजगारबाट प्राप्त विप्रेषणले परिवार तहमा मात्र नभई राज्यको समग्र आर्थिक सुचकलाई समेत सन्तुलन गर्न ठुलो टेवा दिईरहेको छ। वैदेशिक रोजगारी नेपालका लागि बैदेशिक मुद्रा आर्जनको सबैभन्दा ठुलो श्रोत रहेको छ। यी सबै महत्वपूर्ण तथ्यहरुका बावजुद बैदेशिक रोजगारको क्षेत्र विभिन्न कारणले समस्याग्रस्त रहेको छ। तसर्थ, बैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित, मर्यादित र उपलब्धिमुलक एंवम शोषण रहित वनाउन नेपाल सरकार र स्वीस सरकारको द्धिपक्षिय सम्झौता अनुसार श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र स्थानीय सरकारको नेतृत्वमा सुरक्षित आप्रवासन परियोजना (सामी तेस्रो चरण) संचालनमा रहेको छ। परियोजनाको लागि प्राविधिक सहयोग हेल्भेटास नेपालले उपलब्ध गराइरहेको छ। यस परियोजनाले वैदेशिक रोजगारमा जानकालागि कसैलाइ प्रेरित गर्दैन तथा नजानकालागि हतोत्साहित पनि गर्दैन। यो परियोजना माघ २०६७-अषाढ २०७० पहिलो चरणमा २ जिल्लाबाट शुरुवात भएको हो। साउन २०७०-भाद्र २०७५ मा १८ जिल्ला र काठमाडौंमा दोस्रो चरण, भदौ २०७५- असार २०७९ तेस्रो चरणमा ३९ जिल्ला १५६ स्थानीयतहमा संचालनमा रहेको थियो। साउन २०७९- असार २०८१ मा २ वर्ष सम्म सामी कार्यक्रमको रुपमा विस्तार गरी ३८ जिल्ला १५६ स्थानीय तहमा कार्यान्वय भईरहेको छ। कार्यक्रमको मुख्य क्रियाकलापहरुमा आप्रवासी श्रोत केन्द्र लगायत अन्य विभिन्न माध्यमवाट सुरक्षित आप्रवासन सम्बन्धि जनचेतना, वैदेशिक रोजगारीमा जानु पूर्व आवश्यक सुचना तथा परामर्श, सीप विकास तालिमको लागि अभिप्रेरित तथा सहयोग, वैदेशिक रोजगारीका पीडितहरुलाई कानुनी सहजीकरण, मनोसामाजिक परामर्श सहयोग, वित्तीय साक्षरता, गन्तब्य मूलुकमा समस्यामा परेमा सहयोग आदि रहेका छन्।

मकवानपुर जिल्लाको सन्दर्भ लाई हेर्ने हो भने आ.ब.०७८।७९ मा बागमती प्रदेशबाट वैदेशिक रोजगारीमा बढी जाने जिल्लाहरु मध्ये मकवानपुर जिल्ला दोश्रो नम्बरमा रहेको (स्रोत वैदेशिक रोजगार विभाग) छ। जिल्ला प्रशासन कार्यालय मकवानपुर बाट साधारण सिफारीस र द्रुत सिफारीस लिएर राहादानी बनाउनेमा आ.ब. ०७८□०७९ मा ११०८५ जनाले राहदानी बनाएका छन्, (स्रैंत:जिल्ला प्रशासन कार्यालय, मकवानपुको वार्षिक प्रगति प्रतिवेदन) । मकवानपुर जिल्लाबाट सिफारीस लिइ राहदानी बनाउने मध्ये नेपाल सरकार बाट श्रम स्वीकितृ लिएर वैदेशिक रोजगारीमा जानेको संख्यामा आ.ब. ०७८□०७९ मा १०२६२ जना रहेको पाइयो (स्रैंत: वैदेशिक रोजगार विभाग)। यसरी हेर्दा मकवानपुर जिल्लाबाट राहदानी बनाउने मध्ये धेरैको संख्यामा वैदेशिक रोजगारीमा जानको लागी श्रम स्वकिृती लिएको पाइयो ।

सुरक्षित आप्रवासन परियोजना (सामी) मकवानपुर जिल्लामा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको नीतिगत पहलमा हेल्भेटास नेपालको प्रविधिक सहयोगमा हेटौडा उपमहानगरपालिका, थाहा नगरपालिका, बकैया गाँउपालिका र मनहरी गाँउपालिकाले संचालन गदै आएको छ कार्यक्रमले सूचनामा पहुँच, न्याँयमा पहुँच, सीपमा सहजीकरण, वित्तीय साक्षरता तथा मनोसामाजिक परामर्श कार्यक्रमहरु रहेको छ।

१.१ परियोजनाको उद्देश्य

- वैदेशिक रोजगारीमा रहेका कामदार र कामदारका परिवारको उचित संरक्षण गर्ने ।
- गन्तव्य मुलुकमा सुरक्षित र सम्मानजनक रूपमाकाम गर्न सक्ने गरी कामदारलाई सूचना,सीप, परामर्श लगायतका सहयोग प्रदान गर्ने ।
- वैदेशिक रोजगारीमा सम्बद्ध निकायहरूको क्षमता अभिवृद्धि मार्फत वैदेशिक रोजगारीका प्रतिफल वृद्धि गर्ने ।

१.२ परियोजनाको लक्षित वर्ग

परियोजनाको लक्षितवर्गहरू निम्नअनुसार रहेका छ :

- वैदेशिक रोजगारीमाजाने सम्भावित कामदार ।
- वैदेशिक रोजगारीमा रहेका कामदार ।
- वैदेशिक रोजगारीबाट फर्केका कामदार ।
- वैदेशिक रोजगारीमा रहेका कामदारका परिवारका सदस्यहरू ।

१.३ परियोजनाका मुख्य कार्यहरु

क) सूचना तथा परामर्श सेवा
ख) सीप तालिम
ग) न्यायमापहुँच
घ) मनोसामाजिक परामर्श कार्यक्रम
ङ) वित्तीय सारक्षरता कार्यक्रम

**२.परियोजना अन्तरगत भएका क्रियाकलप र उपलब्धीहरु:**

| क्र.सं. | क्रियाकलाप | बार्षिक लक्ष्य | हाल सम्मको प्रगति | स्थानीय तहगत रुपमा भएका प्रगति | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | हेटौडा उपमहानगरपालिका | थाहा नगरपालिका | मनहरी गाँउपालिका | बकैया गाँउपालिका | अन्य पालिका |
| **क** | **सूचनामा पहुँच** | | | | | | | |
| १ | आप्रवासी श्रोत केन्द्रबाट व्यक्तिगत तथा सामुहिक परामर्शसेवा | ४००० | ६३१७ | २६४३ | ३४८ | ७९० | ६६७ | |
| २ | गहन अभिमुखीकरण | १२ | १२ | ३ | ३ | ३ | ३ | |
| ३ | समुदायीक अभिमुखीकरण | १६ | १६ | ४ | ४ | ४ | ४ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | स्थानीय जनप्रतिनीधि र सरोकारवालाहरुसँग अन्तरक्रिया | ४ | ४ | १(३६जना) | १ | १ | १ | |
| ५ | पत्रकारहरु संग अन्तरक्रिया | १ | १ | १(५५जना) | - | - | - | |
| ६ | अन्तराष्ट्रीय आप्रवासी दिवस मनाउने | १ | १ | १ | १ | – | १ | |
| ७ | सामी परियोजना कर्यान्वयनको लागि स्थानीय सरकारको पदाधिकारी सँग समन्वय बैठक | ३ | २ | ४ | २ | २ | ४ | |
| ८ | सुरक्षित बैदेशिक रोजगारीका विभिन्न सवालमा रेडियो जिगंल | २ | २ | २ | - | - | - | |
| ९ | जिल्ला भित्र सामी परियोजनाको अर्ध बार्षिक समिक्षा गोष्ठी | १ | १ | १ | - | - | - | |
| १० | सरोकारवाला निकायहरुबाट अनुगमन तथा मुल्याङ्कन | ८ | ८ | २ | २ | २ | २ | |
| ११ | स्थानीय सरकार परियोजना ब्यवस्थापन समिति बैठक | २ | १ | १ | - | - | - | |
| १२ | मनोसामाजिक विषयको दिगोपानाको लागि सरोकारवाहरुसंग अर्न्तक्रिया | ४ | ४ | १(३४ जना) | १ | १ | १ | |
| १३ | वडा सदस्यहरुसंग वैदेशिक रोजगारीले निम्त्याएको असर र प्रभाव सम्बन्धि छलफल कार्यक्रम | १ | १ | १(६१ जना) | - | - | - | |
| १४ | स्वास्थ्य स्वयंमसेवकहरुलाई आप्रवासनको असर र प्रभाव सम्बन्धी | १ | १ | १(४१ जना) | - | - | - | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | अभिमुखिकरण | | | | | | | |
| १५ | टोल विकास समितिका सदस्य तथा पदाधिकारीहरुलाई आप्रवासनको असर र प्रभाव सम्बन्धीत अर्न्तकिया | १ | १ | १ (४०जना) | - | - | - | |
| १६ | रोजगार सेवा केन्द्र संग सहकार्य | १ | १ | १(२६जना) | - | - | - | |
| **ख** | **कानुनी सहायता** | | | | | | | |
| १ | बैदेशिक रोजगारीका सन्दर्भमा ठगी वा समस्यामा परेका व्यक्तिहरुलाई कानुनी तथा अन्य आवस्यक सहयोग र समन्वय गर्ने (आप्रवासी श्रोत केन्द्रमा दर्ता भएको केश सबै पालिका बाट) | नियमित | १५१ | ५८ | ८ | २४ | २३ | ३८(अन्य पालिका) |
| २ | समाधान भएका केश | नियमित | ८४ | २८ | ७ | १६ | १५ | १८(अन्य पालिका) |
| ३ | प्रकृयामा रहेको | | ६७ | ३० | १ | ८ | ८ | २० |
| ३ | क्षतिपुर्ती रकम (बोर्ड, बीमा, स्थानीय एजेन्ट आदिबाट) | नियमित | १७६९६८७५ | ५०७१००० | ० | २५९१७८० | १३८०००० | ८६५४०९५ |
| **ग** | **मनोसामाजिक परामर्श सेवा** | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | पहिचान गरिएका मनोसामाजिक समस्या | १०० | ९८ | २४ | ३१ | २० | २३ | |
| २ | समाधान भएका | १०० | ५३ | १४ | २५ | १ | १३ | |
| **घ** | **वित्तिय साक्षरता कक्षा** | | | | | | | |
| १ | वित्तीय साक्षरता कक्षा समुह | १६ | १६ | ४ | ४ | ४ | ४ | |
| २ | सहभागी संख्या समुहमा | ४०० | ४०० | १०० | १०० | १०० | १०० | |
| **ङ** | **निशुल्क सिपतालिम** | | | | | | | |
| १ | बैदेशिक रोजगारमा जाने सम्भावितहरुले तालिम लिएको विवरण | ५० | १८ | ४ | ८ | ३ | ० | ३ |
| **च** | **अन्य** | | | | | | | |
| १ | रेर्टनी स्वयंसेवकहरुको परिचालन | १२ | १२ | ३ | ३ | ३ | ३ | |
| २ | रेर्टनी स्वयंसेवकहरुको परिचालन बाट सूचना प्रदान गरिएको | | ६३३६ | १८०७ | १४५७ | ७०२ | २३७० | |
| ३ | होर्डिंग बोर्डबाट सूचना प्रवाह | | १० स्थान | ४ स्थान | ६ स्थान | ० | ० | |
| ४ | वैदेशिक रोजगारीको क्रममा मृत्यु /अङ्गभङ्ग भएका परिवारका बालबालिकालाई शैक्षिक छात्रवृत्ति वैदेशिक रोजगार बोर्ड | | | १४ जना | | | | |
| ५ | वैदेशिक रोजगारीको क्रममा समस्या भई सफल नभएर मानसिक समस्या परेकाहरुलाई आर्थिक सहयोग | | | २जना (रु.१९२००।-) | | ८ जना (रु.१३०००।-) | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६ | वैदेशिक रोजगारीको क्रममा मृत्यु /अङ्गभङ्ग भएका परिवारका बालबालिकालाई शैक्षिक शैक्षिक सामग्री वितरण | | | ९ जना (रु.३०,०००।-) | | | | |

३.सूचनामा पहुँच

बढ्दो वैदेशिक रोजगारीसँगै विभिन्न प्रकारका समस्याहरु पनि थपिदै आएका छन् । वैदेशिक रोजगारीमा जाने कामदारहरु मध्ये धेरैजसोमा यस सम्वन्धी आधारभुत जानकारी समेत नभएका कारण ठगीमा पर्ने, नेपाल सरकारले बन्द गरेका देशमा जाने, धर्म संस्कृति, नीति नियमको बारेमा थाहा नहुदा समस्यामा परेको पाइन्छ । जस अनुरुप सुरक्षित आप्रवासन (सामी) कार्यक्रमले सूचनामा पहुँच पुऱ्याउन आप्रवासी स्रोत केन्द्र बाट वैदेशिक रोजगारीमा जाने सम्भावित कामदार, वैदेशिक रोजगारीमा रहेका कामदार, वैदेशिक रोजगारीबाट फर्केका कामदार तथा वैदेशिक रोजगारीमा रहेका कामदारका परिवारका सदस्यहरूलाई सरल, स्पष्ट, पारदर्शी, समय अनुकुल, सेवाग्राहिले बुझ्ने भाषामा, बसाई व्यवस्थापन, श्रव्य दृश्य सामाग्रीलाई ध्यानमा राखि सेवाग्राहिलाई अनुकुलहुने गरी सूचना तथा परामर्श प्रवाह गर्ने कार्य गरिएको छ । यस आ.ब. २०७९।०८० मा ६३१७ जनालाई आप्रवासी स्रोंत केन्द्रले सूचना प्रवाह गरिएको छ ।

| जिल्ला प्रशासन कार्यालय बाट राहदानी बनाउने | | | आप्रवासी स्रोत केन्द्रमा सूचना लिने सेवाग्रहि | | |
|---|---|---|---|---|---|
| **पुरूष** | **महिला** | **जम्मा** | **पुरूष** | **महिला** | **जम्मा** |
| १०९२९ | १०८६५ | २१७९४ | ३४७१ | २८४६ | ६३१७ |

सूचना केन्द्रमा सूचना लिन आउने आगन्तुकहरुको पालिका अनुसार

| **हेटौडा उ.म. न. पा** | **थाहा न.पा.** | **बकैया गा.पा.** | **मनहरी गा.पा.** | भिमफेदी गा.पा. | कैलाश गा.पा. | राक्सीराङ गा.पा. | मकवानपुरगढी गा.पा. | इन्द्रसरोवर गाउँपालिका | बागमती गाउँपालिका | **अन्य जिल्लाका सेवाग्रहि** | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २६४३ | ३४८ | ६६७ | ७९० | ४१२ | २३२ | २६६ | ४६१ | ९९ | ३८४ | २८१ | ६३१७ |

३.१ आप्रवासी स्रोत केन्द्रमा सूचना लिन आएका जाातिगत विवरणको विश्लेषण


जिल्ला प्रशासन कार्यालय भित्र रहेको आप्रवासी स्रोत केन्द्रमा सेवा लिन आउने सेवाग्रहिमा ६२२ महिला र ९८६ पुरूष गरी १६०८ जनाले सेवा लिनु भएको छ । जसमा सबै भन्दा बढी ५४

प्रतिशत जनजाती, २८ प्रतिशत ब्रंहमण, १२ प्रतिशत क्षेत्री र ५ प्रतिशत दलित सेवाग्रहि रहेको पाइयो । यसरी जातजातिगत विश्लेषण गर्दा वैदेशिक रोजगारीमा जानेमा मकवानपुर जिल्लामा जनजाति बढी रहेको पाइयो ।

| | दलित | | जनजाति | | ब्राहमण/ क्षेत्री | | ठकुरी | | मधेशी | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| आप्रवासी स्रोत केन्द्रमा आएका सेवाग्रहि | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | जम्मा |
| | १५१ | १२८ | २५४६ | १९९९ | ७५६ | ७०३ | १२ | १० | ६ | ६ | ३४७१ | २८४६ | ६३१७ |

३.२ प्राथमिकताको आधारमा देशगत जानकारी

आप्रवासी स्रोतमा आउने सेवाग्रहि तथा सम्भावित आप्रवासी कामदारहरुलाई कुन देश जाने निणर्य गरेको छ भनी प्रश्न गर्दा ५६ प्रतिशतले अहिले निणर्य नगरेको ,१० प्रतिशतले कोरिया र त्यस पश्चात क्रमश जापान, ,मलेशिया,साउदी,दुवई,अस्ट्रेलिया कुवेत र कतार जाने भनेर योजना बनाएको बताए । प्राथमिकको आधारमा देशगत जानकारी तलको पाइचार्ट बाट प्रष्ट गर्न सकिन्छ ।




**सम्भावित आप्रवासीले भोगेका मुख्य सवालहरू**

- नेपाल सरकाले निर्धारण गरेको लागत (वैदेशिक रोजगारीमा जान लाग्ने रकम) बारेमा थाहा नभएको
- नेपाल सरकारले तोकिएको रकम भन्दा बढी रकम मेनपावरलाई तिर्नु पर्ने,
- फ्रिभिसा फ्रि टिकट भएको भिसामा पनि रकम लिने गरेको
- अधिकांशलाई कुन देश जाने के काम गर्ने भन्ने बारेमा जानकारी नभएको
- दलालीको बढी विश्वास गर्ने
- पासपोर्ट र पैसा लिएर राख्ने तर वैदेशिक रोजगारीमा नपढाउने
- निशुल्क सिप कहाँ कसले वितरण गर्छ थाहा नहुनु,
- मेडिकल रिपोट सकारात्मक आउनको लागी दाग्ग छोपन्ने चिज खाने गरेको
- नेपालमा सिकेका सिपहरू विदेशमा काम नलाग्ने
- गतव्यमुलुकको भाषा,धर्म र संस्कृतीबारेमा थाहानभएको
- गतव्यमुलुकको ट्राफिक नियमको बारेमा थाहा नभएको
- राम्रो काम, तलबभएको कम्पनी र देशमा मेनपावरकोले आफ्नो नातेदार नजिकको व्यक्तिलाई पढाउने गरेको
- वैदेशिक रोजगारीको क्रममा परेका समस्याको बारेमा कहाँ सम्बोधन गर्ने भनि थाहा नभएको आदी
- भिसाको अवधि सकिए पनि लुकेर बस्नु( ओभर स्टे) जसले भविष्यमा समस्यामा पर्ने
- सम्झौता गरेको कम्पनी छाडेर अन्तैत्र बस्ने आदी ।

**३.३ सेवाग्राहीहरुको फलोअप जानकारीबाट आएको विश्लेषणात्मक परिणाम**

आप्रवासी स्रोत केन्द्रले यो आर्थिक वर्षमा ६३१७ जना लाई सेवा प्रवाह गरेको मध्ये ६१४ जना लाई फोन गरेको थियो उक्त फोन फलोअप बाट निम्न अनुसारको जानकारी लिइएको छ ।

| Results | Men | Women | Total |
|---|---|---|---|
| Number of clients follow up by phone | 354 | 260 | 614 |
| Number of clients left for foreign employment | 14 | 7 | 21 |
| Number of clients who left documents ( user ID and password) at home | 14 | 7 | 21 |
| Number of clients who took skills training | 7 | 3 | 10 |
| Number of clients negotiated and reduced pre- departure cost | 10 | 6 | 16 |
| Number of clients who got the receipts | 6 | 5 | 11 |
| Number of clients who negotiate and paid less amount than asked | 10 | 6 | 16 |
| Number of clients who really got receipts of actual paid amount | 5 | 3 | 8 |

यसरी फोन फलोअप गर्दा वैदेशिक रोजगारीमा गएको व्यक्तिको संख्या २१ जना रहेको र २१ जनाले वैदेशिक रोजगारीमा जानु पुर्व कागजपत्र घरमा छाडेर गएको पाइयो । वैदेशिक रोजगारीमा जाँदा रोजगारदाता कम्पनीले ११ जनालाई रकम तिरेको रसिद दिएता पनि तिरेको रकम भन्दा कम रकमको रसिद दिएको पाइयो । १० जनाल सीप तालिम सिकेर वैदेशिक रोजगारीमा आएको र बाकी वैदेशिक रोजगारीको प्रकृयामा रहेको पाइयो ।

**जानकारीमूलक सूचना (Visiting card) छपाई तथा वितरण** : आप्रवासन सम्बन्धी सुचना व्यवस्थापन गर्ने सम्बन्धमा जानकारी मुलक सुचनाहरुको पम्प्लेट, पोष्टर, फलेक्स र भिजिटिङ कार्ड छपाईको माद्यम बाट सूचना प्रवाह गरिएको छ । यी सूचनामुलक सामाग्रीहरुको वितरण विभिन्न कार्यक्रमहरुमा तथा विभिन्न कर्मचारीहरुको माद्यम बाट वितरण गरिएको छ ।

- **सुरक्षित वैदेशिक रोजगारीका विभिन्न सवालहरुमा सार्वजनिक महत्वका छोटो सुचनाहरु स्थानीय एफ.एम. रेडियो बाट प्रशारण:** हाल २ वटा स्थानिय एफ. एम. क्रमशः रेडियो निकास एफ.एम. र रेडियो मकवानपुर एफ.एम. हरु बाट बैदेशिक रोजगार संग सम्बन्धीत विभिन्न सूचना मुलक जानकारीहरु प्रशारण गरिएको छ । जसले गर्दा परियोजनाका विभिन्न क्रियाकलापहरुको प्रभाव समुदायमा देखिएको छ भने विभिन्न मुद्धाहरु उत्थान भै आप्रवासी स्रोत केन्द्रमा आएका छन् ।
- **बैदेशिक रोजगार जान तयार भएका कामदारहरुलाई गहन अभिमुखिकरण** : आफ्नो कार्यक्षेत्र भित्रका बैदेशिक रोजगारमा जान चाहने सम्भावित आप्रवासीहरुलाई सुरक्षित बैदेशिक रोजगार सम्बन्धी समुदायमा गहन अभिमुखिकरण कार्यक्रम संचालन गर्नु पर्ने अनुसार यस आ.ब.मा जम्मा १२ वटा लक्ष्य रहेको थियो र १२ वटा कार्यक्रम गरेको छ। उक्त कार्यक्रमको विस्तृत विवरण यस प्रकार छन् ।

| एकाई | लक्ष्य | उपलब्धि | हेटौडा उपमहानगरपालिका | थाहा नगरपालिका | मनहरी गाँउपालिका | बकैया गाँउपालिका |
|---|---|---|---|---|---|---|
| **समुह** | १२ | १२ | ३ | ३ | ३ | ३ |
| | पुरुष | ३७ | २२ | ३ | १० | २ |
| | महिला | १० | ७ | १ | २ | ० |
| **पहाडि ब्राह्ण/क्षेत्री** | जम्मा | ४७ | २९ | ४ | १२ | २ |
| | पुरुष | १३९ | २८ | ३६ | २१ | ५४ |
| | महिला | ४० | ६ | १३ | १२ | ९ |
| **पहाडि जनजाती** | जम्मा | १७९ | ३४ | ४९ | ३३ | ६३ |
| | पुरुष | ११ | १ | ० | ७ | ३ |
| | महिला | ४ | २ | ० | २ | ० |
| **पहाडि दलित** | जम्मा | १५ | ३ | ० | ९ | ३ |
| | पुरुष | १८७ | ५१ | ३९ | ३८ | ५९ |
| | महिला | ५४ | १५ | १४ | १६ | ९ |
| **जम्मा** | जम्मा | २४१ | ६६ | ५३ | ६६ | ६८ |

- **समुदाय स्तरमा सुरक्षित बैदेशिक रोजगार सम्बन्धि अभिमुखिकरण:** आफ्नो कार्यक्षेत्रमा सबै समुदाय समेटने र प्रतिनिधित्व हुने गरी समुदाय स्तरमा विभिन्न समूहहरुलाई सुरक्षित बैदेशिक रोजगार सम्बन्धि अभिमुखिकरण गर्नुपर्ने अनुसार यस आ.ब.मा जम्मा १६ वटा गर्नुपर्ने लक्ष्यमा १६ वटा नै समुहमा पुरा भएको छ। उक्त कार्यक्रमको विस्तृत विवरण यस प्रकार छन् ।

| एकाई | लक्ष्य | उपलब्धि | हेटौडा उपमहानगरपालिका | थाहा नगरपालिका | मनहरी गाँउपालिका | बकैया गाँउपालिका |
|---|---|---|---|---|---|---|
| **समुह** | १६ | १६ | ४ | ४ | ४ | ४ |
| **पहाडि ब्राह्मण/क्षेत्री** | पुरुष | ७३ | १३ | १० | ४३ | ७ |
| | महिला | २१७ | १८ | ९ | १७२ | १८ |
| | जम्मा | २९० | ३१ | १९ | २१५ | २५ |
| **पहाडि जनजाती** | पुरुष | २०२ | ४७ | ७० | २८ | ५७ |
| | महिला | २३९ | ९३ | ५५ | ३६ | ५५ |
| | जम्मा | ४४१ | १४० | १२५ | ६४ | ११२ |
| **पहाडि दलित** | पुरुष | १२ | ३ | ६ | ३ | ० |
| | महिला | १७ | २ | ० | २ | १३ |
| | जम्मा | २९ | ५ | ६ | ५ | १३ |
| **मधेसी मुस्लिम** | पुरुष | १ | १ | ० | ० | ० |
| | महिला | १ | ० | ० | १ | ० |
| | जम्मा | २ | १ | ० | १ | ० |
| **ठकुरी** | पुरुष | ९ | ० | ३ | ६ | ० |
| | महिला | ४ | ० | ० | ४ | ० |
| | जम्मा | १३ | ० | ३ | १० | ० |
| **जम्मा** | पुरुष | ३०८ | ६४ | ८९ | ८० | ७५ |
| | महिला | ५६३ | ११३ | १६० | २१५ | ७५ |
| | जम्मा | ८७१ | १७७ | २४९ | २९५ | १५० |

४.निशुल्क सीपमा पहुँच

वैदेशिक रोजगारीमा जाने युवाहरुलाई सीप विकास गराउनु यस परियोजनाको मुख्य पक्ष हो । सीप सिकेर दक्ष भएर वैदेशिक रोजगारीमा गएमा गतव्य मुलुकमा हुने जोखिम कम हुने, काम, तलब राम्रो पाइने सम्भावना बढी हुन्छ । सीप सिकेर दक्ष भई वैदेशिक रोजगारीमा जान चाहनेहरुका लागी वेल्डर, पाइप फिटर, स्काफोल्डीङ्ग, इण्डस्ट्रियल इलेक्ट्रिसियन, प्लम्बर, हाउस किपिङ्ग र गार्मेन्ट मेशीन अपरेटर गरी ७ प्रकारको सीप सिकाउन व्यवस्था गरिएको छ । यो आ.ब.०७९।०८० मा मकवानपुर जिल्लाको आप्रवासी स्रोत केन्द्रले सीप तालिमको लागी तालिम केन्द्रमा सिफारी गरेको विवरण निम्न प्रकारको रहेको छ ।

| गतिविधि | प्रगति | हेटौडा उपमहान.पा. | थाहा न.पा. | बकैया गा.पा. | मनहरी गा.पा. | अन्य |
|---|---|---|---|---|---|---|
| **तालिममा सिफारिस गरेको संख्या** | **९५** | **३२** | **१९** | **१३** | **१७** | **१४** |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **तालिममा जम्मा सहभागी संख्या** | **१८** | **४** | **८** | **०** | **३** | **३** |

५.वित्तीय साक्षरता कार्यक्रम

वैदेशिक रोजगारीबाट विप्रेषण प्राप्त गर्ने घरपरिवारका विशेषगरी महिलाहरुलाई लक्षित गरी विप्रेषणलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने तथा दीर्घकालमा स्वदेशमै रोजगारी तथा उधमशिलताको विकास गर्ने अभिप्रायले वित्तीय साक्षरता सहजकर्ताले वित्तीय साक्षरता कार्यक्रम संचालन गर्नुपर्ने अनुसार यस बर्षको लक्ष्य प्रत्येक स्थानियतहमा ४ वटा समुहको दरले जम्मा १६ वटा समुह गठनगरी ती समुहहरुमा वित्तीय साक्षरता कक्षा सञ्चालन गर्नुपर्ने अनुसार यी कार्यक्रमहरु सबै स्थानिय तहहरुमा सञ्चालन भईरहेको छ । यस कार्यक्रममा वित्तीय साक्षरता सम्वन्धी राष्ट्रिय प्राविधिक संस्था डिप्रोक्स नेपालले उपलब्ध गराएको पाठ्यक्रम तथा प्रशिक्षण अनुसार प्रत्येक वित्तीय साक्षरता सहजकर्ताले कक्षा सञ्चालन गर्ने र औपचारिक वित्तीय संस्थामा पहुँच नपुगेका सदस्यहरुलाई स्थानीय स्तरमा संचालनमा रहेका बैंक तथा वित्तीय संस्थाहरु साथै सहकारी संस्थाहरुमा पहुँच अभिवृद्धि गर्ने, बचत बृद्धि गर्ने, आयआर्जन बढाउने तथा वित्तीय हरहिसाबहरुलाई अभिलेखिकरण गर्न प्रोत्साहन र समन्वय गर्ने गरेको छ। यस कार्यक्रममा तपशिल वमोजिमका स्थानीय तहहरु संगको समन्वयमा वडा तथा बस्तीहरु छनौट गरी कक्षाहरु सञ्चालन गरिएको छ।

| स्थानीय तह | उपलब्धीहरु | | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | कक्षा संचालन (वटा) | सहभागी संख्या (जना) | कक्षा समापन | परिवारिक अभिमूखिकरण भेला | मसिक फलोअप बैठक (०७८/०७९) | |
| हेटौंडा उपमहानगरपालिका | ४ समुह<br>वडा नं ३,१२,१४ | १०० | ४ समुह | ४ समुह | २० पटक | |
| थाहा नगरपालिका | ४ समुह<br>वडा नं ५,११,१२ | १०० | ४ समुह | ४ समुह | २० पटक | |
| बकैया गाउँपालिका | ४ समुह<br>वडा नं २,३,७ | १०० | ४ समुह | १ समुह | २० पटक | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| मनहरी गाउँपालिका | ४ समुह<br>वडा नं १,५,८,९ | १०० | ४ समुह | ० | २० पटक | |
| जम्मा | १६ समुह | ४०० | १६ समुह | ९ समुह | ८० पटक | |

यसरी चार स्थानीय तहको १६ समुहका वित्तीय साक्षरता तथा मनोसामाजिक परामर्श कक्षामा निम्न उद्देश्यहरुः वित्तीय साक्षरताको अवधारणा स्पष्ट गराई अल्पकालिन तथा दीर्घकालिन वित्तीय लक्ष्य निर्धारण गर्न र उपयुक्त वित्तीय सेवाहरूको प्रयोग मार्फत लक्ष्य प्राप्तीका लागि क्षमता विकास गराउने, पारिवारिक वजेट,आम्दानी खर्चको दुरुस्त हिसाब राख्ने र सो को लेखाजोखा गरी बचत वृद्धि गर्न प्रेरित गर्ने,उपलब्ध वित्तीय स्रोत साधनलाई आयमूलक क्षेत्रमा लगानी गर्न क्षमता विकासका साथै जोखिम व्यवस्थापन गर्न सक्ने बनाउने, पैसाको विवेकपूर्ण प्रयोग गर्ने ज्ञान, सीप प्रदान गरी पारिवारिक समृद्धिका लागि वित्तीय अनुशासन कायम गर्न उत्प्रेरित गर्ने, स्थानीय तहमा प्राप्त सेवा तथा सुविधाको बारेमा जानकारी दिई ती सेवाहरु प्राप्त गर्न आवश्यक पहुँच अभिवृद्धि गर्ने, परिवारका सदस्यको वैदेशिक रोजगारीको अवधि कम गरी (वित्तीय व्यवस्थापन मार्फत्) पुनः बैदेशिक रोजगारीमा जान नपर्ने अवस्था सृजना गर्न प्रोत्साहित गर्ने ,वैदेशिक रोजगारीका कारण सृजना भएका मनोसामाजिक समस्या समाधानमा सहयोग गर्नेका साथ कार्यक्रम संचालन गर्दा निम्न उपलब्धीहरु प्राप्त गरेको छ ।

| स्थानीय तह | बचतमा वृद्धि | बचत गर्ने बानीको विकास भएको -वित्तीय संस्थामा | कागजपत्र मगाएको | आपतकालीन कोषको लागि रकम राखेको | बिमाको कार्यक्रममा आबद्ध भएको |
|---|---|---|---|---|---|
| हेटौंडा | ७० | ५ | ५० | ६० | ७० |
| थाहा | ४२ | ५ | ६५ | ४९ | ६० |
| बकैया | ८० | १० | ७४ | ८५ | ८५ |
| मनहरी | ६९ | ५२ | ७७ | ५० | ७० |
| | २६१ | ७२ | २६६ | २४४ | २८५ |

६. मनोसामाजिक परामर्श कार्यक्रम र प्रगति

सुरक्षित आप्रवासन परियोजनामा बैदेशिक रोजगारको कारणले तनाव तथा चिन्तमा परेका व्यक्तिहरुलाई मानोसामाजिक परामर्श सम्बन्धी कार्यक्रम संचालन गर्दै आएको छ । मनोसामाजिक परामर्शमा मनोसामाजिक परामर्शकर्ताले सेवाग्राहिको घरमा नै गएर उनीहरुलाई भएको मनोसामाजिक समस्या पहिचान गर्ने र त्यसको सहजिकरणकोलागि विभिन्न विधिहरुको प्रयोगपनि गर्ने गर्दछन् । मनोसामाजिक परामर्शमा गर्दा व्यक्तिको सोचाइ, विचार र भावनालाई प्राथमिकता दिइन्छ समाज र समाजमा रहेका विभिन्न तत्वहरुले एक व्यक्तिलाई कसरी असर पर्दछ भन्ने कुराको पहिचान गरेर त्यसलाई विभिन्न विधिहरुबाट सहजिकरण गर्ने कार्य यस मनोसामाजिक परामर्शमा गर्ने गरिन्छ । यदि समस्या जटिल भएमा नजिकको स्वास्थ्य सेवामा वा मानसिक स्वास्थ्यको तालिम प्राप्त स्वास्थ्यकर्मिकोमा थप चेक जाँचको लागि रिफर गरिन्छ । यसरी मकवानपुर जिल्लाको हेटौंडा उपमहानगरपालिका,थाहा नगरपालिका,बकैया गाउँपालिका र मनहरी गाउँपालिकामा एक एक जनाका दरले जम्मा ४ जना मनोसामाजिक परामर्शकर्ताहरु भर्नागरी उनीहरुले मनोसामाजिक परामर्श सेवा प्रवाह गरेका छन् । मनोसामाजिक परामर्श कार्यक्रमलाई सि.एम.सी नेपालले प्रवाधिक सहयोग गरेको छ । यस आ.ब. २०७९/०८० मा मनोसामाजिक परामर्शकर्ताहरुले कार्यक्रमको लक्ष्य र उद्धेश्य अनुसार बैदेशिक रोजगारको कारणले व्यक्ति तथा परिवार तहमा भएको विभिन्न पिर, चिन्ता, आत्महत्याका जोखिमका मन सम्बन्धी केशहरुको खोजी गरी विभिन्न चरणमा ती व्यक्तिहरु संग भेटघाट तथा फलोअप गरी उनीहरुको तनावलाई कम गर्ने प्रयास गरिएको छ । यस आ.ब.को हाल सम्मको प्रगति तपशिल वमोजिमको रहेको छ :

| स्थानीय तह | पहिचान गरिएका मनोसामाजिक समस्या | समाधान भएका | प्रकृयामा रहेका | सेवा पुरा नभएको मृत्यू, अस्वीकार, वसाईसराई | कैफियत |
|---|---|---|---|---|---|
| हेटैडा उपमाहानगरपालिका | २४ | १४ | ८ | २ | |
| बकैया गाँउपालिका | २३ | १३ | १० | - | |
| थाहा नगरपालिका | ३१ | २५ | ६ | - | |
| मनहरी गाँउपालिका | २० | १ | १९ | - | |
| जम्मा | ९८ | ५३ | ४३ | २ | |

वैदेशिक रोजगारका कारणले मनोसामाजिक तथा मानसिक समस्या भोगी रहेका वैदेशिक रोजगारीमा रहेका व्यक्ति तथा निजका परिवारको सदस्य लाई मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने उद्देश्यले व्यक्तिगत, पारिवारिक र समुहिक मनोसामाजिक परामर्श सेवा प्रवाह गरेको छ । मकवानपुर जिल्लाको चारै स्थानीय तहमा मनोसामाजिक कार्यकर्ताले ९८ जना लाई व्यक्तिगत मनोसामाजिक परामर्श सेवा प्रवाह गरेको छ र जसमा वैदेशिक रोजगारीमा रहेका व्यक्ति सम्पर्क विहिन, मृत्यु हुने, वैदेशिक रोजगारीमा रहदा स्वास्थ्य समस्या आउने, जेलमा पर्ने, काम तलबमा फरक, सामाजिक लाञ्छना आदीको कारण पिर, चिन्ता, खाना मन नलाग्ने, निद्रामा समस्या, भोक नलाग्ने, अघात, दिक्दारीपन, चक्कर लाग्ने, कमजोरी हुने,आत्तिने नर्भस हुने,हात खुट्टा पुरै गल्ने, तनावग्रस्त हुने छटपटी हुने जस्ता लक्षणहरु देखा परेको पाइयो । मनोसामाजिक परामर्श पश्चात उहाँहरुमा दैनिक कार्यमा सहज भएको, आफनौ जिवनको महत्व बुझेको, आत्मबल बढेको, सामाजिक कार्यमा सक्रिय सहभागी हुन सकेको र खाना मन लाग्ने जस्ता सुधारहरु पनि भएको पाइयो ।

**सेवाग्राहीको भनाई**

***"पहिले म २ वटै ढोका बन्द गरेर बस्थे तर अहिले मेरो घरको २ वटै ढोका खुल्ला छ, तपाई आफै भन्नुस म कस्तो भए होला ।"***

***"जीवनसँग फेल भएको म आज तपाईको भेटले फस्ट डिभिजनमा पास भए ।"***

७.न्याँयमा पहुँच

वैदेशिक रोजगारीमा जाने क्रममा र गैसकेपछि विविध कारणले नेपाली कामदार र तिनका परिवार समस्यामा पर्ने गरेका छन् । यसरी समस्यामा परेका कामदार र तिनको परिवारहरू समस्या लिएर कुन निकायमा जाने कसरी प्रकृया बढँउने र यो समस्याको समाधान कुनै निकाय (सरकारी तथा गैरसरकारी)ले सम्बोधन गर्छ भन्ने बारेमा जानकारी नभएको कारण वैदेशिक रोजगारी संग सम्बन्धीत थुरै समस्याहरू सम्बन्धित निकायमा पुगेको छैन । यस्ता समस्याहरू सम्बन्धित निकायमा पुऱ्याउन र पिडित परिवारलाई न्यायमा सहजिकरण गर्ने सुरक्षित आप्रवासन( सामी) कार्यक्रमले समस्यामा परेका कामदार तथा तिनका परिवारलाई न्याय प्राप्तिमा निम्नानुसार सहजिकरण गर्ने गरेको छ । समस्यामा परेका व्यक्तिको पहिचान र वैयक्तिक विवरण अद्यावधिक गर्न सहयोग, संघ, प्रदेश र स्थानीयसंग समन्वय र सहजीकरण, रिफरल सिस्टमको प्रयोग, गतव्यमुलुकमा पारालिगल सहयोग र सहजीकरणँ सम्बोधन गर्ने कार्य भइरहेको छ । आ.ब.०७९।८० मा आप्रवासी स्रौंत केन्द्रमा दर्ता भएका केशहरूको विवरण:

| आप्रवासी श्रोत केन्द्रले रिफर र समन्वय गरिएको स्थान | जम्मा रिफर भएका समस्याहरु | समाधान भएका समस्याहरु | प्रकृयामा रहेका समस्याहरु | सहजीकरणबाट सेवाग्राहीले प्राप्त गरेको रकम |
|---|---|---|---|---|
| **जिल्ला प्रशासन कार्यालय** | ४५ | १५ | ३० | २२ लाख १५ हजार |
| **पिपुल फोरम** | १८ | ८ | १० | ५ लाख |
| **स्थानीय तह आप्रवासी श्रोत केन्द्र** | १४ | ९ | ५ | ३ लाख २९ हजार |
| **वैदेशिक रोजगार बोर्ड** | २४ | १४ | १० | ८४ लाख २२ हजार ७ सय ८० |
| **कन्सुरलर सेवाबाट प्राप्त रकम** | ३ | ३ | ० | ५९ लाख ५० हजार ९५ |
| **पिएनसीसी** | ४७ | ३५ | १२ | २ लाख ८० हजार |

| | | | | |
|---|---|---|---|---|
| जम्मा | १५१ | ८४ | ६७ | १ करोड ७६ लाख ९६ हजार ८ सय ७५ |

आप्रवासी स्रोत केन्द्रमा आउने केशहरूमा धेरै सेवाग्राहिहरू(पिडित) संग आवश्यक कागजपत्र नहुनु, पासपोर्ट साथमा नहुनु, पासपोर्ट नंम्बर पनि थाहा नहुनु, करारपत्र नहुनु, अभिलेखबद्ध नहुनु, ओभरस्टे हुनु, भाषा, धर्म, संस्कृती हावा पानी बारे जानकारी नहुनु, राजदुतावासको सम्पर्क नम्बर नहुनु, नेपाल फर्किनको लागी अनलाइन आवेदन भर्ने नआउनु जस्ता समस्याहरू देखा परेको छ । यस्ता समस्याहरूको समाधान गर्नेको लागी आप्रवासी स्रोंत केन्द्रले सम्बन्धित निकाय संग सहजीकरणँ गर्ने कार्य गरेको छ ।

- **केशहरू पेन्डिगमा रहने कारण**
  - जिल्ला बाहिरको एजेन्ट हुने तथा सम्पर्क विहिन हुने
  - केश दर्ताका लागि पिडित ब्यक्तिहरु निवेदन दिनका लागि सम्बन्धित निकायमा आउन नमानेको
  - साथै केश अगाडि बढाउनका लागि चाहिने सपोर्ट कागजपत्र नभएकाले गर्दा र पिडित मान्छेहरुलाई सम्बन्धीत निकाय प्रति विश्वास कम हुनु
  - पिडितहरु प्रकृयाका लागी काठमाण्डौ नजाने

- **राष्ट्रिय पार्टनरसंग केश प्रकृया गर्दा आएका समस्या**

  - राष्ट्रिय पार्टनर संस्थाले केशको रेसपोन्स ढिला दिने,
  - केशहरुलाई प्रथामिकता नदिने , केशको अपडेठ पनि भनेको समयमा नदिने , उद्धार गर्नु पर्न केशहरुलाई प्रक्रिया गर्नलाई ढिला गर्न
  - पठाएका केशहरु सम्बन्धित निकायमा अगाडि बढाउनका लागि कागज पत्र छैन भनेर केशलाई अगाडि नै नबढाउने र केशको फोलोअप पनि नगर्न ।

**.MRC बाट केश प्रकृया गर्दा आएका समस्याहरु :**

- केश सम्बन्धित निकाय पठाउनका लागि केशलाई प्रक्रियामा लिनका लागि सपोर्ट कागजपत्रहरु नहुने
- वेपत्ता भएका केशहरु खोजी गर्नका लागि आबश्यक कागजपत्र नभएकाले गर्दा खोजी गर्न समस्या
- केश समाधान गर्नका लागि सम्बन्धीत निकायको बारेमा जानकारी दिएपनि जानकारी लिन तयार नहुने
- केशहरुलाई सम्बन्धित निकायले सहजीकरण गर्न ढिला र प्रतिकृया समयमा नपाउने
- जेलमा परेका ब्यक्तिहरु समस्या समाधान गर्न समस्या भएको
- कागजपत्र नभएकाले गर्दा ठगीएका ब्यक्तिहरु समस्या समधान गर्न समस्या भएको छ , साथै ठगी गर्न ब्यक्ति अन्य जिल्ला भएकाले गर्दा सम्पर्क गर्न समस्या भएको छ ।
- ठगीएका समस्यालाई सम्बन्धीत निकायमा पेश गर्दा पनि समाधानको लागि पहल भएको छैन ।

आप्रवासी स्रोत केन्द्रमा वैदेशिक रोजगारीको क्रममा विभिन्न खालका समस्यामा परेर आएका केशहरुको विवरण निम्नप्रकारको रहेको छ ।

| समस्या प्रकार | आप्रवासी श्रोत केन्द्रमा दर्ता भएका समस्याहरु | समाधान | प्रकृया | कैफियत |
|---|---|---|---|---|
| ठगी सम्वन्धि समस्या | ४१ | १७ | २४ | |
| मृत्यू | १३ | १० | ३ | |
| काम, कम्पनि, पारिश्रमिक फरक | ३२ | २६ | ६ | |
| जेल | ६ | १ | ५ | |
| स्वास्थ्य सम्वन्धि समस्या | २१ | १३ | ८ | |
| हराएको | ४ | २ | २ | |
| पैसा र पासर्पोट होल्ड गरेको | २७ | ९ | १८ | |
| अन्य | ७ | ६ | १ | |
| जम्मा | १५१ | ८४ | ६७ | |

८.रिटर्नी स्वंयमसेवक परिचालन

वैदेशिक रोजगारीमा जान चाहने व्यक्ति तथा तिनका परिवारलाई सूचना प्रदान गर्न वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुलाई परिचालन गरिएको छ । मकवानपुर जिल्लाका कार्यक्रम संचालित चार वटै स्थानीयतहमा ३ जनाको दरले १२ जना रिटर्नी स्वंयमसेवक परिचालित भै वैदेशिक रोजगारी सम्बन्धि सूचना प्रवाह, अनुभव साटासाट गर्ने कार्य भैरहेको छ । रिटर्नी स्वंयमसेवकले निम्नानुसार कार्य गरेको छ:

| गतिविधि | प्रगति | हेटौंडा | थाहा | बकैया | मनहरी |
|---|---|---|---|---|---|
| नयाँ सूचना प्रदान | ४०९९ | १२२५ | ९४७ | १३७० | ५५७ |
| फ्लोअप प्रदान गरेको | १५९१ | ४०९ | ३१३ | ७९९ | ७० |
| रिटर्नीसँग छलफल गरेको | ६४६ | १७३ | १९७ | २०१ | ७५ |
| कागजपत्र विदेशबाट मगाएको | २०७ | ९४ | ७७ | ८७ | १२ |
| कागजपत्र घरमा छोडी विदेश गएका | १८२ | ९५ | ३७ | ३८ | १२ |

| | | | | | |
|---|---|---|---|---|---|
| **पैसा बुझाउदा प्रमाण वा भरपाई लिएको** | ५९ | ८ | ४८ | २ | १ |
| **वैरो मा जादा पैसाको मोलमलाई गरेको** | ४० हजार घटाएको | १ | ४ | १ | |
| **पैसा फिर्ता** | २५ हजार फिर्ता | | | २ | |

सुरक्षित आप्रवासन परियोजना अर्न्तगत परिचालित रिटर्नी स्वयमंसेवकले ६३३६ जना लाई सेवा प्रवाह गरियो जसमा सीप तालिमको महत्व त्यसका व्यवस्था फाईदा, पैसा पासपोर्ट दिँदा भरपाई लिने, नेपालकै विमान स्थल प्रयोग गर्ने, एक प्रति कागजातहरु घरमा छाडेर जाने जस्ता विषयहरुमा रहेर सूचना दियो र यसरी सुचना दिदाँ १८२ जनाले कागजपत्र विदेशबाट मगाएको, पैसा बुझाउदा प्रमाण वा भरपाई ५९ जनाले राखेको, वैदेशिक रोजगारीमा गएका तर कागजपत्र घरमा नछोडेकाहरुले विदेशबाट कागजपत्र २०७ जनाले मगाएको पाइयो ।

९.बजेटको सदुपयोगीता

| क्र.सं. | स्थानीय तह | कुल खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| १ | हेटौडा उपमहानगरपालिक | ६१,००,०००.०० | ७५.८७ % |
| २ | थाहा नगरपालिका | २५,००,०००.०० | ९०.६७ % |
| ३ | मनहरी गाँउपालिका | २१,००,०००.०० | ६७.७२ % |
| ४ | बकैया गाँउपालिका | २१,००,०००.०० | ९३.९० % |

१०.सिकाई,चुनौती र समस्याहरु

- स्रोत संजालहरुको पहिचान गरी काम गर्दा सहजता हुने
- सहभागीहरु पढाईमा कमजोर भएको कारण नियमित हिसाब किताब राख्न र गर्न कठिन भएको ।
- व्यवसाय सुरु गर्नु भएको सहभागीहरु हाल कक्षामा नियमित रुपमा सहभागि हुन नपाएको ।

- स्थानीय निकायमा काम गर्ने र सम्भावित व्यक्तिहरुसँग काम गर्नु पर्दा स्थानीय निकायसँग, सरोकारवालासँग र विभिन्न संघ संस्थासँग समन्वय गरी सम्बन्ध विस्तार गरेर काम गर्दा सहज हुने,
- सम्भावित व्यक्ति पहिचान गर्न स्थानीय व्यक्तिको माध्यमबाट जाँदा सहज र विश्वास गर्न सक्ने भएको
- सेवाग्राहीलाई भेट गर्ने वैकल्पिक नम्बरहरु लिनु पर्ने,
- सेवाग्राहीले भनेको समयमा जाँदा भेट गर्न गारो भएको,
- सेवाग्राहीले आर्थिक अपेक्षा राख्ने गरेका

तयार गर्ने
अन्जिता थापा मगर
कार्यक्रम संयोजक (सामी कार्यक्रम)

## केहि प्रसायहरु

**हराएर जाने सिक्काको महत्व खुत्रुकेले बुझायो ।**

- मकवानपुर जिल्लाका सबै स्थानीय तहका वित्तीय साक्षरता कक्षाका सहभागीहरुले खुत्रुके बचत गर्ने गरेको ।
- ऋण सदुपयोगितामा ध्यान दिन थालेका । ब्याज तिर्नका लागि खर्च घटाई बचतमा वृद्धि गरेका( हेटौंडा ३ सविना थिङ्ग र सिमा घलान
- सुचना प्रविधि तथा विद्युत्तीय कारोवार बारे जानकारी प्राप्त गरेका ।
- बचत गर्ने बानीमा परिवर्तन भएको -एकिकृत बचत खाता
- विप्रेषण हुण्डी बाट पठाएको र वित्तीय संस्था मार्फत पठाउन थालेको

**कक्षामा सहभागी भईसकेपछि जापान जाने पैसाले नेपालमै लगानी गरेको ।**

- सहभागीको नाम: अम्बिका तामाङ्ग, मकवानपूर उ.म.न.पा.१५, गौरीटार ।
- पहिलेको अवस्था: बिदेशबाट पठाएको धेरै जसो पैसा ऋण तिर्न र घरखर्चका लागी ठिक्क हुने,
- हालको अवस्था: आफूसँग भएको ७० हजार र १ लाख वित्तीय संस्थाबाट ऋण लिएर चटपटे पसल र सिलाई मेशिन राखी व्यवसाय सुरु गरेको
- आम्दानी खर्चको हिसाव राखेपछि घरमा हुने खर्च घटाएर सुरुमा ऋण तिरिसक्ने योजना बनाएको ।

- आफनो घरपरिवारमा पनि विप्रेषण महत्वको बारेमा छलफल गरि कुखुरा र बगुर थपि घर खर्चमा आम्दानीको स्रोत बढाउन थाल्नु भएको ।
- व्यवसायलाई निरन्तरता दिने र लगानी बढाइ पसलमा अन्य सामग्री थप्ने योजना बनाएको ।

**मरेको आत्मबल बढेको**

- हेटौंडा १५ वस्ने रिना लामा नाम परिवर्तन वर्ष १९ की
- रिना १२ वर्ष हुदाँ उहाँको आमा वैदेशिक रोजगारीको लागि कुवेतमा गएको
- गएको ४ वर्ष पश्चात रोजगारीको क्रममा आमाको मृत्यु
- रिना र उसको बहिनिको बिचल्ली भई मनोसामाजिक समस्या देखा परेको
- परामर्श पश्चात आत्मबल बढेको



कार्यक्रमका केहि तस्विरहरु

